"समुन्नत सम्पदा दिगो पूर्वाधार ,समृद्ध कनकाईको मूल आधार"

# कनकाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

जामुनबारी ,झापा
कोशी प्रदेश, नेपाल

पत्र संख्याः ०८२/०८३
( प्रशासन शाखा )

सुचना नं. :

**सेवा करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना**

**प्रकाशित मितिः२०८२/०८/०४**

कनकाई नगरपालिका,सामाजिक विकास मन्त्रालय कोशी प्रदेश र करुणा फाउण्डेशन नेपालको त्रिपक्षीय लागत साझेदारीमा संचालन भइरहेको अपाङ्गता रोकथाम तथा पुनःस्थापना कार्यक्रमका लागि आवश्यक तपशीलको पदमा खुला प्रतिस्पर्धात्मक परीक्षाद्वारा करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकाले तोकिएको न्युनत्तम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले तोकिएको मिति भित्र राजश्व बुझाई सोको रसिद सहित तोकिएको ढाँचामा यस नगरपालिकाको कार्यालयमा उपस्थित भई दरखास्त आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशीलः**

| क स | विज्ञापन नं | विज्ञापनको किसिम | पद | माग संख्या | परिक्षा दस्तुर रु |
|---|---|---|---|---|---|
| १ | प्र४/२०८२/०८३ | खुल्ला | समुदायमा आधारित पुनःस्थापना (सि.वि.आर) | १ (एक) | ५०० |

१. सेवाको किसिमःअस्थायी(करार सेवा)

२. आवश्यक न्युनत्तम शैक्षिक योग्या र अनुभवः

क)नेपाली नागरिक
(ख) मान्यता प्राप्त शिक्षण संस्थाबाट न्युनत्तम कक्षा १२ वा सो सरह उत्तीर्ण गरेको
(ग )समुदायमा आधारित पुनःस्थापना सहजकर्ता छनोट सम्बन्धी मार्गदर्शन २०८० मा तोकिएका अन्य योग्यताहरु ।

**३.उम्मेद्वारको उमेरको हदः** पुरुषको हकमा १८ वर्ष पुरा गरि ३५ वर्ष ननाघेको र महिला तथा अपाङ्गता भएका व्यक्तिको हकमा १८ वर्ष पुरा गरि ४० वर्ष ननाघेको

**४.तलब सुविधा र अन्य सेवा शर्तः**मासिक तलब रु २५०००।— र अन्य सुविधा करार सम्झौतामा उल्लेख गरिए बमोजिम हुनेछ ।

**५.उम्मेद्वारको छनोट विधिः**लिखित परिक्षा,कम्प्युटर सीप परिक्षण र प्रत्यक्ष अन्तर्वार्ता ।

६. **दरखास्त फारम प्राप्त गर्ने बुझाउनु पर्ने स्थानः**कनकाई नगरपालिकाको कार्यालयबाट दरखास्त फारम प्राप्त गरि उक्त फारम भरि नगरपालिकाको कार्यालयमा बुझाउनुपर्ने

**७.दरखास्त फारमसाथ पेश गर्नुपर्ने कागजातहरुः**आवेदक स्वयंले प्रमाणित गरेको देहाय बमोजिमका कागजातहरुः

(क)आफले दरखास्त दिन चाहेको पद विज्ञापन नं खुलाई दिएको निवेदन
(ख)नेपाली नागरिकताको प्रतिलिपि
(ग) तोकिएको न्युनत्तम शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रतिलिपि
(घ) कार्य अनुभव खुल्ने कागजातहरुः
(ङ) सूचनामा माग गरिएका अन्य कागजातहरुको प्रमाणित प्रतिलिपि ।

**८.परिक्षा दस्तुर बुझाउने प्रकृयाः**कनकाई नगरपालिकाको राजश्व फाँटमा परीक्षा दस्तुर जम्मा गरि दरखास्त फारमसाथ पेश गर्नुपर्ने छ ।

**९.दरखास्त फारम भर्ने मितिः**मिति २०८२/०८/०४ देखि २०८२/०८/१८ सम्म

१०.दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा परेमा भोलि पल्ट कार्यालय खुलेको समयमा दरखास्त दिन सकिनेछ ।

**११.परिक्षा संचालन हुने मिति समय र स्थानः**दरखास्त फारम भर्ने अन्तिम म्याद सकिएको तीन दिन भित्र टेलिफोन गरि जानकारी गराइनेछ साथै यस कार्यालयको बेवसाइट र सूचना पाटीमा टाँस गरिनेछ ।

**१२.पाठ्यक्रमः**.सि वि.आर सहजकर्ताको हकमा समुदायमा आधारित पुनःस्थापना सहजकर्ता छनोट मार्गदर्शन २०८० को अनुसूची १ मा तोकिए बमोजिम हुनेछ ।यस सम्बन्धी अन्य व्यवस्था छनोट तथा पदपूर्ति समितिको निर्णय बमोजिम हुनेछ ।

**१३.दरखास्त फारम बुझाउने स्थानः**कनकाई नगरपालिकाको कार्यालय जामुनबारी झापा ।

१४.विस्तृत जानकारीका लागिःसम्पर्क नः९८५२६२०४२० वा नगरपालिकाको वेबसाइटःkankaimun.gov.np बाट जानकारी लिन सकिनेछ ।

जमुना कटुवाल
अधिकृत आठौं